परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily राष्ट्रिय दैनिक

वर्ष : ४ अंक : ६९ पृष्ठ ४ २०८२ पुष १५ गते, मंगलबार 30 December, 2025 मूल्य रु. ५/- हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

## प्रमोद खरेलको लाइभ प्रस्तुति सहित नयाँ वर्ष उत्सव गौतम होटलमा




● जीवनराज दाहाल

अङ्ग्रेजी नयाँ वर्ष २०२६ लाई विशेष बनाउने उद्देश्यसहित धनुषाको लालगढस्थित गौतम होटलले भव्य सांस्कृतिक महोत्सव आयोजना गने भएको छ। संस्कृति, संगीत र पर्यटन एक-आपसमा जोडिएका छन् भन्ने सन्देश बोकेको यो उत्सवले नयाँ वर्षको स्वागतलाई स्मरणीय बनाउने लक्ष्य लिएको छ।

नयाँ वर्षको अवसरमा आयोजना हुने कार्यक्रममा सुप्रसिद्ध गायक प्रमोद खरेल र उहाँको लोकप्रिय ब्याण्ड "परम्परा" ले प्रत्यक्ष (लाइभ) सांगीतिक प्रस्तुति दिनेछन्। कार्यक्रम सञ्चालनको जिम्मा चर्चित सञ्चालिका शोभा त्रिपाठीले सम्हाल्नेछिन् भने कृष्ण क्षेत्रीको मधुर संगीतले दर्शकलाई अझ रोमाञ्चित बनाउनेछ। यसका साथै अन्य चर्चित कलाकारहरूको सहभागितामा नेपाली मौलिकता, परम्परा र सांस्कृतिक पहिचान झल्किने विविध प्रस्तुति समावेश गरिने आयोजकले जनाएको छ।

निजी क्षेत्रको पहलमा आयोजना हुन लागेको यस महोत्सवलाई मनोरञ्जनमा मात्र सीमित नराखी पर्यटन प्रवर्द्धनको प्रभावकारी माध्यमका रूपमा अघि बढाइने लक्ष्य लिइएको छ। नयाँ वर्षको अवसरमा नेपालका विभिन्न जिल्लाका साथै भारतको बिहार राज्य अन्तर्गत सीतामढी, मधुबनी, दरभंगा, जयनगरलगायत क्षेत्रबाट उल्लेख्य सङ्ख्यामा पर्यटक आगमन हुने अपेक्षा गरिएको छ।

यसले स्थानीय होटल, व्यवसाय तथा आतिथ्य क्षेत्रलाई थप चलायमान बनाउने विश्वास गरिएको छ। महोत्सवको अर्को विशेष आकर्षणका रूपमा मधेस प्रदेशको पहिचान बोकेका परम्परागत तथा स्वादिष्ट परिकारहरू प्रस्तुत गरिनेछन्।

गौतम होटलका सञ्चालक हिरा गौतमका अनुसार, "कलैयाको सेकुवा, रौतहटको कटिया, जनकपुरको ललन माछा, बरमझिया (सप्तरी) को पेडा, कठाल (धनुषा)को दहीलगायत मधेसका विभिन्न स्थानका चर्चित मिष्ठान्न परिकारको स्वाद चखाएर अतिथिलाई अविस्मरणीय अनुभूति गराउने हाम्रो प्रयास हो।"

कार्यक्रममा सहभागी हुन इच्छुकका लागि तीन तहको टिकट व्यवस्था गरिएको छ। पहिलो तहको टिकट शुल्क रु. ५,०००, दोस्रो तहको रु. ३,५०० र तेस्रो तहको रु. २,५०० तोकिएको छ। उक्त टिकटमा कार्यक्रम अवलोकनका साथै तोकिएको प्याकेजअनुसार खाना, स्न्याक्स तथा ड्रिङ्क्सको व्यवस्था समेत समावेश गरिएको आयोजकले जानकारी दिएको छ।

विशेष फुड स्टलमार्फत आगन्तुकलाई मधेसको मौलिक स्वाद र संस्कृतिसँग प्रत्यक्ष साक्षात्कार गराउने उद्देश्य लिइएको छ। संगीत, संस्कृति र स्वादको त्रिवेणीसँगै नयाँ वर्ष स्वागत गर्ने यस अवसरमा सहभागी भई उत्सवलाई सफल बनाउन गौतम होटल परिवारले सबैलाई हार्दिक आमन्त्रण गरेको छ।

## बिहेको प्रलोभन दिएर बालिकामाथि करणी आरोपमा नाबालक पक्राउ




● टक नेपाल

बिहेको प्रलोभन देखाएर सप्तरीको राजविराज नगरपालिकाकी एक नाबालिकामाथि करणी गरेको आरोपमा नाबालक पक्राउ परेका छन्।

तीन/चार महिनाअघि चिनजान भएका १७ वर्षका बालकले शनिबार साँझ १२ वर्षकी बालिकालाई बलात्कार गरेको पीडितको आरोप छ।

बिहेको प्रलोभन देखाई बलात्कार गरेको विषयमा नाबालिकाले परिवारजनलाई जानकारी गराएपछि आइतबार उनीहरुले जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिएका थिए। जाहेरी अनुसार ती नाबालकले बिहे गर्छु भन्दै नाबालिकालाई बोलाएर बलात्कार गरेका थिए।

आरोपित नाबालकलाई नियन्त्रणमा लिएको सप्तरी प्रहरीका प्रवक्ता डीएसपी डम्बरबहादुर पुरीले बताए। 'उनीमाथि जबर्जस्ती करणी मुद्दामा आइतबारै सप्तरी जिल्ला अदालतबाट सात दिन म्याद थप लिएका छौं,' उनले भने, 'घटनाबारे थप अनुसन्धान भइरहेको छ।'

यसअघि गत मंसिर ६ मा पनि सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकाकी १५ वर्षकी बालिकालाई बिहेको प्रलोभनमा झापाको बिर्तामोड बोलाएर २१ वर्षका युवकले बलात्कार गरेका थिए। उक्त घटनामा जिल्ला प्रहरी झापाले जाहेरी दर्ता गरी अनुसन्धान गरिरहेको छ।

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नसिङ कलेज भएको महोत्तीको एकमात्र अस्पताल

- २४ सं घण्टा इमर्जेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- EndosocopyDiode Laser सेवा
- विभिन्न विभागहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 247 Ambulance सेवा




SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनोरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०

पत्रिकाका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily राष्ट्रिय दैनिक

सम्पादकीय

## वैकल्पिक शक्तिको एकताले दिएको सकारात्मक सन्देश

२०७९ को निर्वाचनमार्फत प्रतिनिधिसभाको चौथो शक्ति बनेको रास्वपाका सभापति रवि लामिछाने र काठमाडौं महानगर पालिकाका मेयर बनेका बालेन्द्र शाह एउटै राजनीतिक शक्तिका रूपमा समेटिएका छन्। लामिछाने र शाहबीच करिब एक सातादेखि तीव्र भएको संवादले सोमबारको सार्थकता पाएको छ। जेन-जी आन्दोलनपछिको परिवर्तित राजनीतिक परिस्थितिले यी दुई पक्षलाई एक ठाउँमा ल्याइदिएको हो। एकीकृत शक्तिका रूपमा उनीहरूले आगामी निर्वाचन र त्यसपछिको परिदृश्यलाई आफ्नो नेतृत्वमा ल्याउन खोजेका छन्, लोकतान्त्रिक प्रणालीमा यो स्वाभाविक हो।

यसबाट आसन्न निर्वाचनका लागि राजनीतिक माहोल पनि बनेको छ, निर्वाचनमा प्रतिस्पर्धा र परिणाम पनि थप रोचक बन्ने अपेक्षा गरिएको छ। नयाँ शक्तिले चाहेजस्तो सफलताका लागि भने राजनीतिक र सामाजिक मुद्दामा थप प्रस्टता, कठोर मिहिनेत र सहमतिप्रतिको इमानदारितासमेत अपरिहार्य छ।

२०७९ को स्थानीय तह निर्वाचनमा काठमाडौंमा बालेन्द्र, पूर्व धरानमा हर्क साम्पाङ र पश्चिम धनगढीमा गोपाल हमाललाई निर्वाचित गरेर मतदाताले स्पष्ट सन्देश दिएका थिए- मतदाताहरू अब आफ्नै पार्टीप्रतिको आस्थाको भारी बिसाएर स्वतन्त्र निर्णय गर्न तयार छन्। हुन पनि त्यही साल मंसिरमा सम्पन्न प्रतिनिधिसभा निर्वाचनबाट नयाँ दल रास्वपा २० सिटसहित चौथो ठूलो दल बनेको थियो। पछि उपनिर्वाचनबाट उसको सिट संख्या २१ पुगेको थियो।

प्रतिनिधिसभामा झन्डै तीन वर्षमा रास्वपा छोटो/छोटो समयका लागि दुई पटक सरकारमा समेत सहभागी भइसकेको छ। नयाँ पुस्तामाझ लोकप्रिय रहेका दुई पक्ष एक ठाउँमा उभिनु समर्थकका निम्ति उत्साहजनक विषय हो। साथै, आफूहरूलाई निकटको शक्ति ठान्ने राजनीतिक दल, संगठन, समूह वा व्यक्तिहरू एक ठाउँमा उभिँदा लोकतन्त्र पनि गतिशील बन्छ। यसले मतदातालाई एक ठाउँमा ल्याउँछ, जितको सम्भावना बढाउँछ र एजेन्डा कार्यान्वयनमा सहयोग पुऱ्याउँछ। साथै, प्रतिस्पर्धी राजनीतिहरूलाई पनि आफूनिकटका शक्तिसँग एकताका लागि प्रेरित गर्छ। समग्रमा, राजनीतिमा गुणात्मक परिवर्तनका लागि योगदान पुग्छ।

हुन त २३ भदौको जेन-जी आन्दोलन र २४ भदौको घटनाक्रमबीच बनेको शून्यता र रिक्ततामा प्रधानमन्त्री बन्ने अवसर बालेन्द्रलाई थियो।

vianet
अब सबै connected

विषादीयुक्त तरकारी र फलफुल सेवनबाट बच्न जनहितमा जारी सन्देश

फलफुल तथा तरकारीमा विषादी सजिलै छुट्याउन त गाह्रो हुन्छ। यसको मापन गर्न यन्त्र उपकरणको आवश्यकता पर्छ। तर पनि तरकारी तथा फलफुल किन्दा केही सावधानी अपनाएको खण्डमा विषादीबाट यसरी बच्न सकिन्छ।

- चिल्लो देखिने तरकारी तथा फलफुललाई बहिष्कार गर्ने।
- आईलिएको जस्तो या किरा फट्याङ्ग्राले खाएको जस्तो किन्ने।
- खोट नभएको भन्दा पनि कतै खोट भएको किन्ने।
- सागपातमा प्वाल परेको जस्तो किन्ने।
- सकभर मौसम अनुसार फल्ने फलफुल र तरकारीको मात्र सेवन गर्ने।
- अर्गानिक र ताजा फलफुल र तरकारी किन्ने।
- विषादी जन्य खाद्यान्नलाई बहिष्कार गर्ने।
- विषादी युक्त फलफुल र तरकारी भान्सामा नै भित्रिएको अवस्थामा।
- सामान्य तरीका भनेको राम्ररी धुने, पखाल्ने नै हो। तर धोइपखाली गर्दा समेत विषादी नजान सक्छ, त्यसैले अधिका मात्रामा रहेको विषादी हटाउन नुनपानिको प्रयोग गर्न सकिन्छ।
- यदि नुनपानि नराख्ने भए सफापानिमा रातभर भिजाउने र विहान राम्रोसँग पखाल्ने गऱ्यो भने धेरै हदसम्म बाहिरी भागमा रहेको विषादी जान्छ। उपभोक्ता आफै सचेत भई आफ्नो स्वास्थ्यको विषादीयुक्त फलफुल र तरकारी खानु पर्छ।

कृषी ज्ञान केन्द्र महोत्तरी
जलेश्वर,महोत्तरी

# दलहरूले मिडियाबाट चुनाव प्रचार गर्न पाउने, अनलाइनमा सःशुल्क विज्ञापनको जनाउ दिनुपर्ने

● टक नेपाल

फागुन २१ गते तय भएको प्रतिनिधिसभा निर्वाचनका क्रममा राजनीति दल र दलका उम्मेदवारहरूका लागि निर्वाचन आयोगले सञ्चार माध्यममार्फत् चुनावी प्रचार-प्रसार गर्न पाउने प्रावधान राखेको छ।

आयोगले जारी गरेको 'निर्वाचन आचारसंहिता, २०८२' मा दल र दलका उम्मेदवारहरूले सञ्चार माध्यममार्फत् चुनावी प्रचार-प्रसारको प्रावधान राखिएको हो।

जसअनुसार दलले टेलिभिजन, रेडियो वा एफएम रेडियोको माध्यमबाट निर्वाचन प्रचार-प्रसार गर्दा कम्तीमा एक घण्टाको अन्तरालमा २४ घण्टामा बढीमा चार पटकसम्म विज्ञापन प्रशारण गर्न पाउने भएका छन्।

उनीहरूले चुनावी प्रचारको विज्ञापन गर्दा एक पटकमा बढीमा एक मिनेटसम्म मात्रै प्रसारण गराउन सक्ने प्रावधान आचार संहितामा उल्लेख छ। यस्तै पत्रपत्रिकाको माध्यमबाट प्रचार-प्रसार गर्दा प्रत्येक दिन बढीमा चार कोलम २५ सेन्टिमिटर उचाइसम्मको आकारमा कुनै एउटा पत्रिकामा प्रचार सामग्री छपाउन सक्ने छन्।

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबमोजिम हुने प्रतिनिधिसभा सदस्य पदको निर्वाचनमा भाग लिने उम्मेदवारले टेलिभिजन, रेडियो वा एफएम रेडियोको माध्यमबाट निर्वाचन प्रचार-प्रसार गर्दा २४ घण्टामा बढीमा चार पटक र एक पटकमा बढीमा एक मिनेटसम्म प्रसारण गराउन सक्ने प्रावधान राखिएको छ।

राजनीतिक दल वा उम्मेदवारले अनलाइन सञ्चार माध्यमबाट निर्वाचन प्रचार-प्रसार गर्दा लागेको खर्चको विवरण प्रचलित कानुनबमोजिम पेस गर्नुपर्ने निर्वाचन खर्चको विवरणमा समावेश गर्नुपर्ने छ।

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबमोजिम हुने प्रतिनिधिसभा सदस्य पदको निर्वाचनमा भाग लिने उम्मेदवारले पत्रपत्रिकाको माध्यमबाट निर्वाचन प्रचार-प्रसार गर्दा प्रत्येक दिन बढीमा चार कोलम २५ सेन्टिमिटर उचाइसम्मको आकारमा कुनै एउटा पत्रिकामा मात्र प्रचार सामग्री छपाउन सक्ने छन्।

आयोगले दल, उम्मेदवार तथा दलका भ्रातृ संगठनले सूचना तथा प्रसारण विभागमा दर्ता भइ प्रेस काउन्सिल नेपालमा सूचिकृत भएका अनलाइन सञ्चारमाध्यमबाट निर्वाचन प्रचार-प्रसार गर्न पाउने पनि व्यवस्था गरेको छ।




'राजनीतिक दल वा उम्मेदवारले निर्वाचन प्रचार-प्रसार सम्बन्धी एक मिनेटसम्मको श्रव्यदृश्य सामग्री प्रसारण गराउन सक्ने,' आचारसंहितामा लेखिएको छ, 'राजनीतिक दलले अनलाइन सञ्चारमाध्यमबाट रोडब्लक, कन्टेन्ट ब्लक, होमपेज, ब्यानर, डिटेल पेज ब्यानर, बक्स विज्ञापन (सामाचारको बीचमा) को माध्यमबाट निर्वाचन प्रचार प्रसार गराउन सक्ने।'

अनलाइन सञ्चारमाध्यमबाट प्रकाशन वा प्रसारण गरिने निर्वाचन प्रचार-प्रसार सामग्रीमा सःशुल्क विज्ञापन भएको जनाउ दिनुपर्ने बाध्यकारी नियम आयोगले बनाएको छ।

अनलाइन सञ्चारमाध्यमबाट गरिने निर्वाचन प्रचार-प्रसार सामग्रीमा कसैप्रति गाली गलौज, मिथ्या सूचना, दुष्प्रचार, द्वेषपूर्ण अभिव्यक्ति समावेश हुन नहुने पनि आयोगले प्रष्ट पारेको छ। राजनीतिक दल वा उम्मेदवारले अनलाइन सञ्चार माध्यमबाट निर्वाचन प्रचार-प्रसार गर्दा लागेको खर्चको विवरण प्रचलित कानुनबमोजिम पेस गर्नुपर्ने निर्वाचन खर्चको विवरणमा समावेश गर्नुपर्ने छ।

आयोगले विदेशी सञ्चारमाध्यमबाट निर्वाचनसम्बन्धी प्रचार सामग्री प्रकाशन वा प्रशारण गर्न र गराउन नपाइने व्यवस्था गरेको छ।

शीत लहर तथा चिसोबाट हुने क्षती न्यूनीकरण सम्बन्धी सचेतनात्मक सन्देश !!!

- जाडो यामको लागि समयमै न्यानो कपडाको जोहो गरौं,
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं,
- घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं,
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओड्ने प्रयोग गने र घर भित्र राति सुत्दा शरीरका साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं,
- शीतलहर चलेको समयमा शीत नपर्ने सुरक्षित ठाउँमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाऔं,
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो र झोलिलो खानेकुराहरु खाने,





- बालबालिका, वृद्ध–वृद्धा, गर्भवती महिला तथा विरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने,
- शीत लहर चलेको बेलामा पाल्तु पशुपंक्षीहरुलाई सकेसम्म खुला स्थानमा चराउन नलैजाने, घर टहरामै राखेर पर्याप्त घाँस पराल र दाना दिने,
- चिसोका कारण विरामी भएमा तत्कालै नजिकको स्वास्थ्य संस्थामा तुरुन्त उपचारको लागि जाने,
- चिसोका कारण पशुपंक्षी विरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी उपचार गर्ने,
- कोठा भित्र आगो, मकल, हिटर लगाएतबाट तातो पार्दा पर्याप्त भेन्टिलेशन (हावा आवगतजावत) को व्यवस्था मिलाउने,
- शीत लहरबाट हुन सक्ने कृषिबाली र पशुपंक्षीको क्षतीलाई न्यून गर्न सेड, छाप्रो, छानो, प्लाष्टिक लगाएतका संरचनाद्वारा सुरक्षित गर्ने।

बर्दिबास नगरपालिका, महोत्तरी
मधेश प्रदेश, नेपाल

# सत्यनारायणलाई १ लाख ५ हजार रूपैयाँ सहयोग



● जीवनराज दाहाल

सिरहा जिल्लाको बरियारपट्टी गाउँपालिका-२ श्रीपुर गाउँका सत्यनारायण साफीले कठिन संघर्षलाई सफलतामा रूपान्तरण गर्दै युवाका लागि प्रेरणादायी उदाहरण प्रस्तुत गरे। मजदुरी गर्दै पढेका साफीले एमबीबीएस प्रवेश परीक्षामा पूर्ण छात्रवृत्तिमा नाम निकाल्न सफल भएका थिए।

आर्थिक अभाव, सीमित स्रोत र चुनौतीपूर्ण परिस्थितिका बाबजुद पनि अध्ययनप्रति देखाएको अठोट, निरन्तर मेहनत र अदम्य धैर्यले उनलाई चिकित्सक बन्ने मार्गमा डोऱ्याएको छ। संघर्षपूर्ण जीवनयात्राबाट प्राप्त यस उपलब्धिले समाजमा आशा, सम्भावना र सकारात्मक सन्देश प्रवाह गरेको छ।

उनको असाधारण सफलतालाई कदर गर्दै नेपाली कांग्रेस मधेशकी युवा नेता शर्मिला थापाले सत्यनारायण साफीलाई १ लाख ५ हजार रुपैयाँ आर्थिक सहयोग प्रदान गरेकी हुन्।

सहयोग प्रदान गर्दै थापाले साफीको साहस, समर्पण र निरन्तर संघर्षलाई सम्मान गर्दै भविष्यमा अझ सशक्त रूपमा अघि बढ्न हौसला प्रदान गर्ने उद्देश्यले सहयोग गरिएको बताइन्।

सहयोग वितरण कार्यक्रममा कांग्रेस मधेश प्रदेश प्रचार-प्रसार विभाग प्रमुख नितेश कुमार गुप्ता, बरियारपट्टी गाउँपालिकाकी उपाध्यक्ष ममताकुमारी यादव, वडा नं. ३ का अध्यक्ष विनोद कुमार यादव, वडा अध्यक्ष राम खेलावन दास, देवप्रसाद यादव (प्राथमिक विद्यालय शिक्षक), स्थानीय युवा नेता सुमन कुमार यादव, जिल्ला खेलकुद विकास समिति सर्लाहीको अध्यक्ष रोजित केसी , समाजसेवी युवा नेता नारायण गुरुमाछन साथै स्थानीय बुद्धिजीवी, शिक्षक र समाजसेवीहरूको उपस्थिति रहेको थियो।

# म्यानमारमा सैन्य 'कु' को पाँच वर्षपछि चुनाव, ६ राष्ट्रियसहित ५७ दलको सहभागिता

● टक नेपाल



म्यानमारमा सेनाले शासनसत्ता हातमा लिएको पाँच वर्षपछि आइतबार आम चुनावको पहिलो चरणको मतदान भएको छ। ११ जनवरीमा दोस्रो र २५ जनवरीमा तेस्रो चरणको मतदान हुने बताइएको छ। विश्लेषकहरूले यस चुनावलाई 'देखावटी' भनी टिप्पणी गरेका छन्।

इन्टरनेसनल क्राइसिस ग्रुपका म्यानमार विश्लेषक रिचर्ड हर्सीले पाँच वर्षअघि 'कु' गर्ने समूहले नै अहिले निर्वाचन गराएकाले सेनाकै हातमा शक्ति कायम रहने बताए। 'यो निर्वाचन विश्वसनीय छैन,' एसोसिएट प्रेससँग उनले भने, 'उनीहरूले यसअघिका निर्वाचनमा राम्रो नतिजा ल्याएका कुनै पनि राजनीतिक पार्टीलाई यसमा समावेश गरेका छैनन्।'

म्यानमारको सैनिक सरकारलाई चीन र थाइल्यान्डले प्रत्यक्ष तथा भारतले अप्रत्यक्ष रूपमा समर्थन गरिरहेका छन्। उनीहरूलाई समर्थन कायम राख्न देखावटी चुनाव गरेर सत्तालाई लोकतान्त्रिक र वैध ठहर गराउन खोजिएको स्वतन्त्र पर्यवेक्षकहरू बताउँछन्। 'वर्षौंदेखिको गैरकानुनी हत्यामा जिम्मेवारहरूलाई यो निर्वाचनले स्थापित गर्ने त्रास धेरैलाई छ,' एमनेस्टी इन्टरनेसनलका अनुसन्धानकर्ता जोय फ्रिम्यानले भनेका छन्।

विपक्षीमाथिको कडा दमन र अलोकतान्त्रिक कदमका कारण म्यानमारमाथि पश्चिमा देशहरूले नाकाबन्दी लगाएका छन्। यहाँका सत्ताधारी जनरलहरूमाथि भ्रमण प्रतिबन्धसमेत छ। पश्चिमा देशहरूले यस निर्वाचनमा आफ्ना पर्यवेक्षक पठाएका छैनन्। चीन, भारत, रुस, काजकिस्तान, बेलारुस, कम्बोडिया र भियतनाम र निकारागुआबाट पर्यवेक्षक आएका छन्।

यसअघि सेनाले १ फेब्रुअरी २०२१ मा सत्ता हातमा लिएको थियो। आङ साङ सुकीको नेसनल लिग फर डेमोक्रेसी पार्टीले मतदाता नामावली दर्ता प्रक्रियामा धाँधली गरेकाले सन् २०२० को चुनाव नतिजा अवैध रहेको सेनाको दाबी थियो। उक्त षड्यन्त्रका सूत्राधार तथा सैनिक नेता मिन आङ ह्याइंगले यस निर्वाचनलाई राष्ट्रिय मेलमिलापको अवसर भनेका छन्।

गृहयुद्धको छायामा मतदान

आइतबार मतदान भइरहेका बेला देशका धेरै क्षेत्रहरूमा विस्फोट र हवाई हमला भएको बेलायती सञ्चारमाध्यम बीबीसीले जनाएको छ। आइतबार बिहान मन्डले क्षेत्रस्थित एक घरमा रकेट हमला भएपछि तीन जनालाई अस्पताल लगिएको यस क्षेत्रका मुख्यमन्त्रीले बीबीसीलाई बताएका छन्। यसअघि शनिबार राति अबेर शृंखलाबद्ध विस्फोटले थाइल्यान्डको सीमानजिकै रहेको म्यावाडी टाउनसिपमा १० भन्दा बढी घरहरूमा क्षति पुगेको थियो।

आइतबार ३ सय ३० टाउनसिपमध्ये १ सय २ मा मतदान हुँदै छ। बाँकी टाउनसिपमा दोस्रो र तेस्रो चरणमा मतदान हुनेछ। विद्रोहीको कब्जामा रहेका ६५ वटा टाउनसिपमा भने मतदान हुनेछैन। यसले कम्तीमा २० प्रतिशत जनतालाई निर्वाचन प्रक्रियाबाट औपचारिक रूपमै बाहिर राखेको छ। सैन्य शासक नै सत्तामा आउने भएकाले ठूलो जनसंख्यालाई मत हाल्न कुनै उत्साह नै छैन। यस निर्वाचनमा ६ वटा राष्ट्रिय पार्टीसहित कुल ५७ वटा दलहरूले उम्मेदवार उठाएका छन्। अधिकांश उम्मेदवार पूर्वसैनिक वा सेना निकट छन्। पूर्वसैनिकहरूको नेतृत्वमा रहेको युनाइटेड सोलिड्यारिटी एन्ड डेभलपमेन्ट पार्टीले सबैभन्दा धेरै सिट जित्ने आकलन गरिएको छ।

राष्ट्रिय सदनका दुई चेम्बर, राज्य तथा क्षेत्रीय सभासमेत गरेर कुल ११ सय सिटमा तीन चरणमा प्रतिस्पर्धा हुँदै छ। यसका लागि झन्डै ५ हजारको उम्मेदवारी परेको छ। म्यानमारकी ८० वर्षीया नेतृ आन साङ सुकी र उनको दल यस निर्वाचनमा सहभागी छैन। उनी २७ वर्षे जेल सजाय काटिरहेकी छन्। उनी नेतृत्वको नेसनल लिग पार्टीलाई नयाँ सैन्य नियमअनुसार दर्ता हुन नमानेपछि विघटन गरिएको थियो। अन्य पार्टीहरूले पनि निर्वाचन बहिष्कार गरेका छन्। एसियन नेटवर्क फर फ्रि इलेक्सन्सका विश्लेषक अलेम वीरले २०२० का प्रमुख पार्टीहरू अहिले अस्तित्वमा नरहेको बताए।



# खुशी मेडिकल हल

एण्ड डायग्नोष्टिक सेन्टर प्रा.लि.

बर्दिवास, महोत्तरी

9705446880, 9705446881

## शीत लहर तथा चिसोबाट हुने क्षती न्यूनीकरण सम्बन्धी सचेतनात्मक सन्देश !!!



- जाडो यामको लागि समयमै न्यानो कपडाको जोहो गरौं,
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं,
- घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं,
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओड्ने प्रयोग गने र घर भित्र राति सुत्दा शरीरका साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं,
- शीतलहर चलेको समयमा शीत नपर्ने सुरक्षित ठाउँमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाऔं,
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो र झोलिलो खानेकुराहरु खाने,



- बालबालिका, वृद्ध-वृद्धा, गर्भवती महिला तथा विरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने,
- शीत लहर चलेको बेलामा पाल्तु पशुपंक्षीहरुलाई सकेसम्म खुला स्थानमा चराउन नलैजाने, घर टहरामै राखेर पर्याप्त घाँस पराल र दाना दिने,
- चिसोका कारण विरामी भएमा तत्कालै नजिकको स्वास्थ्य संस्थामा तुरुन्त उपचारको लागि जाने,
- चिसोका कारण पशुपंक्षी विरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी उपचार गर्ने,
- कोठा भित्र आगो, मकल, हिटर लगाएतबाट तातो पार्दा पर्याप्त भेन्टिलेशन (हावा आवगतजावत) को व्यवस्था मिलाउने,
- शीत लहरबाट हुन सक्ने कृषिबाली र पशुपंक्षीको क्षतीलाई न्यून गर्न सेड, छाप्रो, छानो, प्लाष्टिक लगाएतका संरचनाद्वारा सुरक्षित गर्ने।

**औरही नगरपालिका, महोत्तरी**
**मधेश प्रदेश, नेपाल**

## वीरगञ्ज महानगरको १९ औं नगर अधिवेशन सम्पन्न




● टक नेपाल

वीरगन्ज महानगरपालिकाको १९ औं नगर अधिवेशन सोमबार सम्पन्न भएको छ । अधिवेशनले यसअघि असोजमा भएको विशेष अधिवेशनले कटौती गरेको वडाको २५ प्रतिशत बजेटलाई पुनः थप गर्ने प्रस्ताव पनि पारित गरेको छ ।

भदौ २३ र २४ को जेन-जी आन्दोलन र प्रदर्शनका क्रममा महानगरमा भएको क्षतिपछि असोजमा विशेष अधिवेशन भएको थियो । विशेष अधिवेशनले महानगरको सबै संरचनामा क्षति पुगेकाले पुनःनिर्माणलाई प्राथमिकतामा राख्दै वडाको समेत बजेट कटौती गरेको थियो ।

पुनःनिर्माणका लागि आवश्यक स्रोत जुटाउँदै चालु आर्थिक वर्षमा १७ औं अधिवेशनले छुट्याएको वडातर्फको बजेटलाई यथावत् रहने गरी अहिलेको अधिवेशनबाट पारित गरिएको महानगर प्रमुख राजेशमान सिंहले जानकारी दिएका छन् । उनले चालु आर्थिक वर्षको आजसम्म समग्र आय-व्ययको अवस्थासमेत जानकारी गराएका थिए । हालसम्म विनियोजित ३ अर्ब २२ करोड रुपैयाँमध्ये १ अर्ब १३ करोड रुपैयाँ खर्च भएको पनि उनले बताए । हालसम्म विनियोजित बजेटको ३३ प्रतिशत खर्च भएको छ । चालु खर्चतर्फ ३४ दशमलव ७८ प्रतिशत र पुँजीगत खर्चतर्फ ३२ दशमलव ६४ प्रतिशत रहेको छ । महानगरपालिकाले चालु आवमै शुलभ औषधि पसल र प्रयोगशाला विस्तार, नगर अस्पताल सञ्चालनमा ल्याउने लक्ष्यसमेत राखेको छ । अधिवेशनमा उपप्रमुख इम्तियाज आलम तथा महानगरका वडाका वडाध्यक्ष, वडा सदस्य लगायतका सहभागी थिए ।

## टहरामा चिसो छल्न सकस, किरियाका लागि ऋण खोज्दै विपन्न परिवार



● टक नेपाल

ज्याला मजदुरी गरेर गुजारा चलाउँदै आएका सप्तरीको राजविराज नगरपालिका-५ स्वर्ण टोलका अनबहादुर आले मगरको मृत्यु भएपछि परिवारलाई किरिया खर्च जुटाउनै कठिन भइरहेको छ । मगरको गत शुक्रबार बेलुका ७२ वर्षको उमेरमा मृत्यु भएको हो । छिमेकी र आफन्तसँग सरसापटी गरेर चार दिनसम्म किरिया बसे पनि अबको खर्चका लागि कर्जा खोज्नुबाहेकको विकल्प नरहेको ६२ वर्षीया उनकी श्रीमती दीपाले बताइन् । 'अहिलेसम्म सरसापट गरेको १४ हजार रुपैयाँ सकिसक्यो,' उनले भनिन्, '१३ दिनसम्म हुने किरिया खर्चको जोहोमा लागेकी छु । ३/४ ठाउँमा कर्जाका लागि कुरा गर्दा पनि अहिलेसम्म जुटेको छैन् ।'

# डीपीआरको नाममा करोडौ रकमको खेल !

● टक नेपाल




विस्तृत परियोजना प्रतिवेदन (डिपीआर) को नाममा मधेश प्रदेश सरकारले करोडौ रकम खर्च गरेको पाइएको छ । मधेश प्रदेशका मन्त्रालयहरूमा विकास आयोजना कार्यान्वयनभन्दा पनि डिपीआरको नाममा बसेनि करोडौँ रुपैयाँ खर्च गरेका छन् । तर तयार पारिएका ती डीपीआरहरू कार्यान्वयनमा नआउँदा प्रदेशको सार्वजनिक स्रोत दुरुपयोग भइरहेको महालेखा परीक्षकको कार्यालय ठहर गर्दै आएको छ ।

महालेखापरीक्षकको प्रतिवेदन अनुसार आव २०७४/७५ देखि २०८०/८१ सम्म सात वर्षमा मधेश प्रदेशमा १९ करोड ७२ लाख रुपैयाँभन्दा बढी रकम डीपीआर निर्माणको नाममा खर्च गरिएको छ । तर, यस अवधिमा तयार गरिएका अधिकांश डीपीआर कार्यान्वयनमा नआएको महालेखाको ठहर छ ।

आव २०८०/८१ मा प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयले २६ प्याकेजमा तीन करोड २६ लाख रुपैयाँभन्दा बढी खर्च गरी डीपीआर तयार गरायो । सडक, पुल र भवनसम्बन्धी ती सबै डीपीआर सोझै खरिद विधिबाट परामर्शदातालाई दिइएका थिए । तर, कुनै पनि योजना कार्यान्वयन भएन ।

त्यसैगरी, आव २०७९/८० मा ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयले करिब एक करोड रुपैयाँ खर्चेर खानेपानी संरचनाका डीपीआर बनायो । खानेपानी संरचनाका लागि नौ परामर्शदातामार्फत ३८ लाख रुपैयाँ खर्चेर डीपीआर र लागत अनुमान तयार गरायो । सोही वर्ष १० वटा फर्मलाई थप ६१ लाख ४७ हजार रुपैयाँ भुक्तानी गरियो ।

प्रतिस्पर्धा बिना परामर्शदाता छनोट गरिएको र डीपीआर अनुसार काम अघि नबढेको महालेखापरीक्षकले खर्च पूर्णतः व्यर्थ भएको ठहर गरेका छन् । भौतिक पूर्वाधार विकास मन्त्रालयले सोही वर्ष विभिन्न खोलामा पुल निर्माण र मधेस सहिद मार्गको सम्भाव्यता अध्ययनमा एक करोड ५५ लाख रुपैयाँ खर्च गऱ्यो । तर, ती सम्भाव्यता अध्ययनका सबै प्रतिवेदन हालसम्म मन्त्रालयमा पेस नै भएका छैनन् ।

प्रदेश आर्थिक कार्यविधि ऐनले १० लाखभन्दा माथिका योजनामा डीपीआर अनिवार्य गरे पनि स्रोत सुनिश्चितता नभएका, अव्यावहारिक र असम्भव योजनाका डीपीआर बनाउने क्रम रोकिएको छैन । महालेखाले पटक- पटक उपयोगिता नदेखिने डीपीआरमा रोक लगाउन सुझाव दिए आएपनि प्रदेश सरकारका मन्त्रालयहरुले त्यसको बेवास्ता गर्दै आएको छ ।

चालु आव २०८२/८३ मा समेत सरकार यस्तै हावादारी योजनाको डीपीआर बनाउने तयारीमा छ । चालु आवमा मात्रै विभिन्न मन्त्रालय र निकायले ६० भन्दा बढी डीपीआर बनाउन २९ करोड रुपैयाँभन्दा बढी बजेट विनियोजन गरेका छन् । कार्यान्वयन सुनिश्चित नभए यी डीपीआर पनि अघिल्लाकै सूचीमा थपिने निश्चित देखिन्छ ।

उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयले ढल्केबर-जटही सडकको दुवैतर्फ पर्खाल निर्माण र प्रदेशका आठै जिल्ला सदरमुकाम जोड्ने पोड-वे जस्ता अव्यावहारिक योजनाका लागि करोडौँ रुपैयाँ डीपीआरमै छुट्याएको छ भने भौतिक पूर्वाधार विकास मन्त्रालय समेतले पनि पुल, सडक र भवनसम्बन्धी अनुसन्धान तथा परामर्श शीर्षकमा करिब एक करोड ४० लाख रुपैयाँ विनियोजन गरेको छ ।

तर त्यो कहाँ बनाउने यकिन छैन । पूर्वमन्त्रीदेखि कर्मचारीसम्मको एउटै स्वीकारोक्ति छ– डीपीआर कमिसनको आकर्षक माध्यम बनेको छ । पूर्वभौतिक पूर्वाधारमन्त्री रामसरोज यादव भन्छन् ' भौतिक पूर्वाधार विकास मन्त्रालयमै धेरै डिपीआर बनेका छन् । तर त्यो आफ्नो कार्यकालमा नभई अघि र पछिका कार्यकालका मन्त्रीहरुले बनाएका हुन ।

श्रोत सुनिश्चित नभई डिपीआर बनाउने नमिल्ने हो । तर कमीशनकै लागि मन्त्री र सचिवको मिलेमतोमा विगतमा डिपीआर बनाइएको देखिन्छ । भौतिक पूर्वाधार मन्त्रालयका प्रवक्ता प्रवीणप्रताप अधिकारी विगतमा विकृति भएको स्वीकार गर्दै अहिले सुधारको प्रयास भइरहेको बताउंछन् । तर, बजेट किताबमै स्रोत सुनिश्चितताविना दर्जनौं डीपीआर राखिनुले सरकारको प्रतिबद्धतामाथि प्रश्न उठाएको छ ।

मधेश प्रदेशमा डीपीआर विकासको आधार बन्नुको साटो कमिसनको औजार बन्दै गएको कार्यान्वयनमा नआएको गतिविधि र महालेखाको प्रतिवेदनले देखाउंछ । जबसम्म स्रोत सुनिश्चितता, पारदर्शी प्रतिस्पर्धा र समयमै कार्यान्वयन अनिवार्य गरिँदैन, तबसम्म डीपीआरमा करोडौँ खर्चिनु प्रदेशका लागि विकास होइन आर्थिक अपराधको रुपमा लिन सकिन्छ ।

मन्त्रालयका कर्मचारीहरूले विगतमा डिपीआरहरु बनेको स्वीकार्छन । तर जेन-जी आन्दोलनका क्रममा मन्त्रालयमा भएको आगजनीले डीपीआरसम्बन्धी धेरै कागजात जलेको कारण अभिलेख मिल्न गाह्रो छ । यसले अनियमितता ढाकछोप गर्न सहज वातावरण बनाएको आशंका थप बलियो बनेको छ ।





## डिभिजन बन कार्यालयको अनुरोध

- रुख रोपौं, वन जोगाऔं ।
- पानी मुहान, सिमसार, तालतलैयाको संरक्षण गरौं, जैविक विविधतालाई बचाइ राखौं ।
- खाली जग्गाहरुमा वृक्षरोपण गरौं, जलवायु परिवर्तको असर न्यनिकरणमा योगदान गरौं ।
- खोला किनारमा रुख रोपौं, नदीकटान बाढी रोकथाम गर्दै विपद व्यवस्थापनमा सहयोग गरौं ।
- आफ्नो टोल, गाउँ, नगर तथा सार्वजनिक स्थल सफा राखौं, प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षणमा योगदान पुऱ्याऔं ।
- प्लाष्टिक झोलाको सट्टामा बैकल्पिक झोलाको प्रयोग गरौं, प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षणमा योगदान पुऱ्याऔं ।
- आफ्नो टोल घर गाउँ वन जंगलमा वृक्षरोपणका लागि आवश्यक विरुवा लिनका लागि नजिकैको डिभिजन वन कार्यालय र सव डिभिजन वन कार्यालयमा सम्पर्क गरौं ।

डिभिजन बन कार्यालय
महोत्तरी, जलेश्वर
फोन : ०४४ ५२०६५४


बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014